जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## प्रस्तवाहरु.

१. आगामी हिउँदे गाउँसभाको मिति तय सम्बन्धमा ।

२. आ.व. २०८०/८१ को योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

३. गाउँ विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. जानकी गाउँपालिकाको नागरिक सहायता कक्ष स्थापना तथा संचालन मापदण्ड,२०८० पास सम्बन्धमा ।

५. अर्धवार्षिक सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजना तथा बजेट सम्बन्धमा ।

७. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

- प्रदेश सरकारबाट प्राप्त बाखा प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
- सङ्घीय सरकारबाट प्राप्त हरियो घाँस विस्तार कार्यक्रम सम्बन्धमा ।
- भूमिसुधार तथा मालपोत कार्यालय,नेपालगंजलाई आवश्यक सहयोग सम्बन्धमा ।
- सामाजिक विज्ञ नियुक्ति सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व. २०८०/८१ को हिउँदे गाउँसभा मिति २०८०/०९/२९ गते आईतबारका दिन बिहान ११:०० बजे देखि गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा यस आ.व.२०८०/८१ को गाउँपालिका,शाखागत तथा वडाहरुको योजना तथा कार्यक्रमहरु संशोधनको लागि सबै वडा तथा शाखाहरुलाई पत्राचार गर्ने र आउँदो कार्यपालिका बैठकमा पेश गर्ने साथै पहिलो संशोधन तथा निर्णायर्थको लागि आगामी गाउँसभामा पेश गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत गाउँ विपद व्यवस्थापन समितिको मितिः २०८०/०९/१६ गते बसेको बैठकको सबै निर्णयहरुलाई यस कार्यपालिका बैठकले अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदा मा छलफल गर्दा यस जानकी गाँउपालिकावाट प्रदान गरिने सेवा सहज तथा छिटो, छरितो रुपमा पाउने अवस्था सुनिश्चित गरी सम्बन्धित सेवा प्राप्त गर्ने प्रक्रिया वारे सर्वसाधारणलाई जानकारी दिन एवं अशक्त,अपांगता भएका सेवाग्राहीलाई सेवा प्राप्तिबारे सहजीकरण गरी जनप्रतिनिधिले सरल, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न जनता समक्ष गरेका प्रतिबद्धता तथा जानकी गाँउपालिकावाट सुशासन ऐनमा भएको व्यवस्था

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन बमोजिम यस कार्यपालिकाले जानकी गाउँपालिकाको नागरिक सहायता कक्ष स्थापना तथा संचालन मापदण्ड,२०८० आउँदो गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो ।

प्रस्ताव नं.५ मा छलफल गर्दा यस जानकी गाउँपालिका बाँकेको आ व ०८०।८१ को अर्धवार्षिक सार्वजनिक सुनुवाई यहि मिति : २०८०/०९/१७ गते मंगलबार दिउसो १:०० बजे देखि गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.६ मा छलफल गर्दा यस जानकी गाउँपालिका बाँकेको आ व ०८०।८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ६ सम्मका सिफारिस भएका तपसिलका योजनाहरु प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने र वडामा रहेको बेरोजगार संख्याको आधारमा युवा रोजगारीको रुपान्तरण पहल योजना(संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७९ अनुसार बजेट बाँडफाँड गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

वडा नं. १ का योजनाहरु

**वडा नम्बर १ मा नयाँ बाटो निर्माण मर्मत संभार तथा सरसफाईको आयोजनाहरु**

१. वडा भित्र रहेका बाटाका खाल्टा खुल्टी मर्मत गर्ने ।
२. सम्पूर्ण गाउँका नालि सरसफाई गर्ने
३. कुवारे कान्दुको खेत देखि लल्लन कान्दुको खेत हुदै बेलभार सिमाना सम्म नयाँ बाटो निर्माण ।
४. भन्सार रोडको कोनिया देखि मुरलि कान्दुको खेत हुदै बड्के उचवाको रोड सम्म नयाँ बाटो निर्माण ।

वडा नं. २ का योजनाहरु

**वडा नम्बर २ मा नयाँ बाटो निर्माण मर्मत संभार तथा सरसफाईको आयोजनाहरु**

१) यस २ नं. वडा बेलभार अन्तर्गत विभिन्न गाउँ टोलमा बनेका पक्की नालिहरुको सरसफाई गरी ढल निकासको लागि सहयोग गर्ने ।
२) यसै २ नं. वडा अन्तर्गत विभिन्न वडा लाई जोड्ने गरी नयाँ बाटो नर्माण गर्ने
३) २ नं. वडा कार्यालय अन्तर्गत रहेका सार्वजनिक भवन स्वास्थ चौकी वडा कार्यालय मठ मन्दिर गुरुद्धरा विध्यालयहरु र मदरसा समेतमा सरसफाई गर्नुको साथै मर्मत र आवश्यकता अनुसार वृक्षारोपण गर्ने ।
४) २ नं. वडा बेलभार अन्तर्गत विभिन्न गाउँ टोलमा रहेका तलाउ पोखरी कुलोनाला पानिघाट आदिको सरसफाईर आवश्यकता अनुसार नयाँ निर्माण तथा मर्मत गर्ने ।
५) यसै वडा अन्तर्गत पर्ने सार्वजनिक स्थान तथा बाटोको छेउछाउमा वृक्षारोपण गर्ने ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
नेपाल

६) यसै २ नं. वडा अन्तर्गत पहिला बनेका पुराना बाटाहरुमा बनेका खाल्डा खुल्डीहरु पुरी आवश्यकता अनुसार मर्मत संभार गर्ने ।

वडा नं. ३ का योजनाहरु

**वडा नम्बर ३ मा नयाँ बाटो निर्माण मर्मत संभार माटो पटान तथा सरसफाईको आयोजनाहरु**

१)यस जानकी गा.पा.वडा नं ३ अन्तरगत रहेको इन्द्रपुर ,करमोहना,वन्जारे गाँउ, रमावापुर, मोतीपुर, मानपुर ,जुगुनभरिया समेतको वस्तीहरुको नाली सरसफाई गर्ने ।

२)करमोहनागाउ बाबाकुट्टी देखि नहर सम्मको वाटामा माटो पटान निर्माण गर्ने।

३)रत्नन नगर वस्ती देखि गुर्गी भारी माई मान्दिर जोडने वाटोमा मागे पटान निर्मण र नाली मर्मत गर्ने।

४)राम दयाल पुर्वा हुदै लिहार पुर्वा हुदै कर्वला जोडने वाटो मा माटो पटान निर्मण।

५)छिटन कुम्हारको घर देखि नहर पुल सम्मको वाटोमा माटो पटान र नाली मर्मत ।

६)करमोहना देखि नहर हुदै बन्जारे गाउ र रमवापुर चौक सम्म को मेन वाटाको नाली मर्मत र माटो पटान निर्मण।

वडा नं. ४ का योजनाहरु

**नम्बर ४ मा नयाँ बाटो निर्माण मर्मत संभार तथा सरसफाईको आयोजनाहरु**

१) यस जानकी -४ मा भएका सम्पूर्ण नालीहरु सर सफाई गर्ने ।

२) वडा कार्यलय देखी अमृतपुर स्कूल सम्माको वाटो मर्मत ।

वडा नं. ६ का योजनाहरु

**वडा नम्बर ६ मा नयाँ बाटो निर्माण मर्मत संभार माटो पटान तथा सरसफाईको आयोजनाहरु**

१)नहर देखि दिन दयाल को घर सम्म नाली र नाहो मर्मत गर्ने ।

२)पानी टूंकी देखि इन्द्रपुर गाँउ सम्म पाईप लाईन विस्तार गर्ने।

३)कोठारपुर, भाटनपुर, पिप्रहवा, चमारनपुर, कैरातीपुर,कापासी गाँउमा भएको नाली सफाई गर्ने।

४,कैलाश बर्मा को मिल देखि अम्बरखा थान सम्मा बाटो मर्मत गर्ने।

५)गायत्री स्कूल देखि पिप्रहवा सम्म सडकको दुवै किनारामा माटो पटान गर्ने।

६) महावलीपुर देखि नाला सम्मा बाटो मर्मत गर्ने।

७) (सुर्खेत रोड (पानस) देखि जमनिहवा गाँउ हुदै खनाल रोजीन कम्पनी सम्मा बाटो मर्मत गर्ने।

८) नहर देखि शेषापुर सम्म बाटो मर्मत गर्ने।

९) सुर्खेत रोड देखि रिहार टोल सम्म बाटो मर्मत गर्ने।

१०) जडीबुटी कम्पनी देखि चन्द्र लोनिया को घर सम्म बाटो मर्मत गर्ने।

११) सिता राम गडरियाको घर देखि रिकई गडरिया को घर सम्म बाटो मर्मत गर्ने।

१२) राम दास गडरिया को घर देखि नारायण गडरिया को घर सम्म बाटो मर्मत गर्ने।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं.७** मा छलफल गर्दा नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० बमोजिम यस आ.व. ०८०/८१ मा कार्यक्रम संचालनको लागि कार्यविधिको दफा ४०(२) बमोजिमको मापदण्ड यस जानकी गा.पा.ले पुरी गरी कार्यक्रम संचालनका लागि छनौट भएको हुँदा उक्त कार्यक्रम संचालनको लागि तथा कार्यक्रममा सहभागी हुनको लागि कार्यपालिकाको निर्णय, कार्यक्रमको लागत साझेदारी प्रतिवद्धता र कार्यविधिको पूर्णपालना गर्ने प्रतिवद्धता पत्र यहि मिति २०८० पौष २० गते भित्र मन्त्रालयमा पेश गर्नु पर्ने भएकोले तपसिलका प्रतिवद्धताहरु समयमै पेश गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल :</u>

- नव प्रबर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनमा सहभागी हुने ।
- कार्यक्रमको लागत साझेदारी नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ४२ बमोजिम गाउँपालिकाको हकमा रु ७५ लाख सम्मको कार्यक्रमको लागि १५ प्रतिशत बाट हुन आउने रकम लागत साझेदारी गर्ने ।
- नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को पूर्णपालना गर्ने ।

<u>प्रस्ताव नं.८</u> को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

- आ.व. २०८०/८० को लागि लुम्बिनी प्रदेश सरकारबाट यस जानकी गा.पा.अन्तर्गत पशु सेवा शाखालाई प्राप्त **बाखा प्रवर्द्धन कार्यक्रम** यस जानकी गा.पा. को वडा नं. १ र २ मा संचालन गर्ने निर्णय गरियो ।
- आ.व. २०८०/८० को लागि सङ्घीय सरकारबाट यस जानकी गा.पा.अन्तर्गत पशु सेवा शाखालाई प्राप्त हरियो घाँस विस्तार कार्यक्रम पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०८० अनुसार यस जानकी गा.पा. को सबै वडाहरुमा बहुवर्षीय घाँसका बिउ,बिरुवा र सेट खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

- भूमिसुधार तथा मालपोत कार्यालय,नेपालगंज बाँकेको पत्र संख्या : २०८०/०८१, मिति २०८०/०८/१३ गते चलानी नं. ५८०९ को प्राप्त पत्रानुसार उक्त कार्यालयलाई कार्यालय संचालन तथा व्यवस्थापनको लागि सहयोग गरिदिनुहुन भनि पत्र आएकोमा उक्त कार्यालयलाई बढिमा १ लाख नबढ्नेगरी सम्बन्धित कार्यालयको मागको आधारमा उपकरण खरिद गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।
- यस जानकी गाउँपालिकामा रहेको धार्मिक, सामाजिक, जातीय विविधतालाई एक शुत्रमा बाँधी पालिकाको विकासको लागि सामाजिक कार्यमा विशेष दक्षता भएको विज्ञको आवश्यकता भएको हुँदा सामाजिक विज्ञको नियुक्ति गर्नका लागि प्रक्रियाहरु अगाडि बढाउने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३